सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३१२ ♦ २०८३ साल साउन १४ विहिवार ♦ 30 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# साम्प्रदायिक सद्भाव कायम राख्न धर्मगुरुको अपिल

**खबर दर्पण समाचारदाता**

**साउन १३ गते, बर्दिवास**

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा दुई पक्षबीच भएको साम्प्रदायिक तनावपछि मधेश प्रदेशका हिन्दु तथा मुस्लिम धर्मगुरुले धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी एकतालाई कायम राख्न सबै पक्षसँग आग्रह गरेका छन्।

धर्मगुरुहरूले विगतदेखि विभिन्न धर्म र समुदायका मानिस मिलेर बस्दै आएको समाजमा पछिल्लो समय केही व्यक्तिले धार्मिक अतिवादको आडमा सामाजिक सद्भाव बिथोल्ने प्रयास गरि रहेको भन्दै त्यसप्रति सबै पक्ष सचेत हुनुपर्ने बताएका छन्। उनीहरूले धर्मभन्दा माथि मानवता हुने भएकाले सबैले संयमता अपनाएर सामाजिक एकतालाई बलियो बनाउनुपर्नेमा जोड दिएका छन्।

जनकपुरस्थित सङ्कटमोचन मन्दिरका महन्थ आनन्दराम दासले धर्मका नाममा हुने हिंसा र हुलदङ्गाले कसैलाई पनि लाभ नपुग्ने बताउनुभयो। मन्दिरमा आउने भक्तजनप्रति जात, धर्म वा समुदायका आधारमा कुनै विभेद नगर्ने परम्परा रहेको उल्लेख गर्दै उहाँले समाजले पनि यही संस्कृतिलाई आत्मसात् गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले फूलबारीमा विभिन्न जातका फूल भएजस्तै समाज पनि विविध समुदायको साझा बगैँचा भएको उल्लेख गर्दै सबै समुदायबीचको एकताले मात्रै गाउँ, समाज र राष्ट्रलाई बलियो बनाउने बताउनुभयो। "जुनसुकै धर्म मान्ने भए पनि सबैको रगत रातै हुन्छ, पहिरन फरक हुन सक्छ तर मानवताको मूल्य एउटै हुन्छ," उहाँले भन्नुभयो। हिन्दु वा मुस्लिम कुनै पनि समुदायले एकअर्काप्रति अपमानजनक व्यवहार, गालीगलौज र घृणा फैलाउने गतिविधि रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो।



जनकपुर उपमहानगरपालिका-६ स्थित मदरसाका प्रिन्सिपल मोफती रजाउल्लाहले संसारका कुनै पनि धर्मले हिंसा वा वैमनस्य सिकाउने नगरेको बताउनुभयो। उहाँका अनुसार पहिले मानवता र त्यसपछि मात्रै धर्मको अभ्यास हुनुपर्छ।

उहाँले पछिल्लो समय देखिएका हिंसात्मक गतिविधिमा केही बेरोजगार तथा उक्साहटमा परेका व्यक्तिहरू प्रयोग भइरहेको आशङ्का व्यक्त गर्दै यस्ता घटनाको पृष्ठभूमिबारे राज्यले गम्भीर अनुसन्धान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। नियोजित रूपमा सामाजिक सद्भाव भड्काउने प्रयास भए त्यसलाई समयमै नियन्त्रण गर्न सरकार सजग हुनुपर्ने उहाँको भनाइ थियो।

जनकपुरकै महन्थ मनिसदास वैष्णवले धार्मिक सहिष्णुता खल्बल्याउने तथा साम्प्रदायिक तनाव सिर्जना गर्ने व्यक्तिको पहिचान गरी कानुनी कारबाही गर्न राज्य संयन्त्र सक्रिय हुनुपर्ने बताउनुभयो। दोषीमाथि समयमै कारबाही नहुँदा यस्ता घटना दोहोरिने गरेको उहाँको भनाइ छ।

धनुषामा विगत केही वर्षयता दुर्गापूजा, सरस्वतीपूजा र मोहर्रमका अवसरमा पनि छिटपुट तनावका घटना देखिएको उल्लेख गर्दै उहाँले दुवै समुदायले एकअर्काको धार्मिक आस्थाको सम्मान गर्नुपर्नेमा जोड दिनुभयो। "घटना हुन सक्छन्, तर त्यसलाई नियन्त्रण गरी सद्भाव कायम राख्ने दायित्व राज्यको हो," उहाँले भन्नुभयो।

मुस्लिम बुद्धिजीवी मौलाना र हमती अलीले सुनसरीको घटनाबाट सरकारले आवश्यक पाठ सिकेर भविष्यमा यस्ता घटना दोहोरिन नदिन प्रभावकारी कदम चाल्नुपर्ने बताउनुभयो। साना घटनालाई समयमै नियन्त्रण गर्न नसकिए भविष्यमा अझ गम्भीर अवस्था सिर्जना हुन सक्ने उहाँको चेतावनी थियो।

यस्ता घटनाबाट कुनै पनि समुदायलाई लाभ नपुग्ने उल्लेख गर्दै उहाँले सदियौँदेखि मिलेर बसेको समाजमा आपसी विश्वास र सहकार्यलाई निरन्तरता दिनुको विकल्प नरहेको बताउनुभयो। इस्लाम धर्मले अरूलाई हुने सम्भावित क्षतिसमेत रोक्न प्रेरित गर्ने उल्लेख गर्दै उहाँले सडकमा रहेको ढुङ्गा वा किला हटाउनु पनि इमानको व्यवहार भएको उदाहरण प्रस्तुत गर्नुभयो।

जनकपुरका धर्मगुरुहरूले धार्मिक विविधतालाई समाजको शक्ति मान्दै कुनै पनि उक्साहटमा नलाग्न, कानुनको सम्मान गर्न तथा सामाजिक सद्भाव र राष्ट्रिय एकता जोगाउन सबै समुदाय, नागरिक समाज र राज्य संयन्त्रले साझा जिम्मेवारीका साथ भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन्।







फारम भर्ने अन्तिम मिति : २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा : २०८३ श्रावण २१ गते

# जानकी मन्दिरमा महन्त-शिष्य विवाद उत्कर्षमा



**खबर दर्पण समाचारदाता**
**साउन १३ गते, जनकपुरधाम**

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले आफ्ना दुई शिष्य रामरोशन दास र मनोज दासलाई मन्दिरको परम्परा तथा धार्मिक मर्यादा विपरीत गतिविधि गरेको आरोप लगाउँदै पूजापाठ तथा धार्मिक कार्यबाट बहिष्कार गरेका छन् ।

बुधवार एक भिडियो सन्देश जारी गर्दै महन्त दासले गुरु पूर्णिमाको अवसरदेखि दुवै शिष्यलाई वैष्णव परम्पराबाट अलग गरिएको जानकारी दिएका हुन् ।

उनले मनोज दासले वैष्णव परम्परा त्यागेर कबिर धर्म अपनाएको र रामरोशन दासले आफू महन्तको शिष्य नभई न्यायाधीशको शिष्य भएको अभिव्यक्ति दिँदै आएको आरोप लगाए । महन्त दासले मन्दिरको धार्मिक परम्परा, आश्रमको मर्यादा तथा गुरु-शिष्य सम्बन्धको मान्यता विपरीत गतिविधि गरेकाले दुवैलाई पूजापाठ तथा मन्दिरका धार्मिक कार्यमा संलग्न हुन नदिने निर्णय गरिएको बताएका छन् ।

साथै, रामरोशनलाई न्यायाधीशले कुन धर्म र कुन मन्त्र दिएका हुन् भन्ने विषय सम्बन्धित व्यक्तिले नै स्पष्ट गर्नुपर्ने उनको भनाइ छ ।

जानकी मन्दिरमा महन्त नियुक्तिको प्रक्रिया अघि बढेसँगै महन्त रामतपेश्वर दास र उत्तराधिकारी महन्तका रूपमा चिनिएका रामरोशन दासबीचको विवाद सार्वजनिक रूपमा चर्किएको हो ।

रामरोशन दासले आफूलाई मुख्य महन्तका रूपमा स्थापित गर्ने प्रयास गरिरहेका बेला महन्त दासले भने पद नछाड्ने अडान लिएका छन् ।यसअघि उत्तराधिकारी सम्बन्धी विवाद अदालतसम्म पुगेको थियो । अदालतबाट सफाइ पाएपछि रामरोशन दास पुनः मुख्य महन्तको दाबेदार बनेका छन् ।

सोही पृष्ठभूमिमा गुठी संस्थानले महन्त नियुक्तिको प्रक्रिया अघि बढाएको स्रोतहरूको भनाइ छ ।

सर्वोच्च अदालतले गुरु-शिष्य परम्पराका आधारमा नभई 'पुजारीलगायत जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७' अनुसार महन्त नियुक्ति गर्न आदेश दिएपछि गुठी संस्थानले नयाँ नियुक्ति प्रक्रिया अगाडि बढाएको हो ।

यससँगै जानकी मन्दिरको नेतृत्वलाई लिएर देखिएको विवाद थप गहिरिने देखिएको छ ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
मिथिला नगरपालिका, धनुषा

# गढीमाई मन्दिरबाट चाँदीको मुकुट र सुनका गहनासहित ४ थान बहुमूल्य सामग्री गायब





**खबर दर्पण समाचारदाता**
**साउन १३ गते, बर्दिबास**

बाराको महागढीमाई नगरपालिका-१ बरियारपुरस्थित विश्वप्रसिद्ध धार्मिक पर्यटकीय स्थल गढीमाई मन्दिरमा ताला तोडेर बहुमूल्य गहनाहरू चोरी भएको छ ।

गत साउन १० गते आइतबार राति अज्ञात समूहले मन्दिरको मूल ढोकाको ताला फुटाई मुख्य देवीको मूर्तिमा रहेका ४ थान बहुमूल्य गहनाहरू चोरी गरेको घटना सार्वजनिक भएको हो । धार्मिक आस्थाको केन्द्र रहेको गढीमाई मन्दिर जस्तो संवेदनशील र सुरक्षित मानिने स्थानमा भएको यो चोरीको घटनाले स्थानीयवासी, धार्मिक संघसंस्था र सर्वसाधारणमा गम्भीर चिन्ता र आक्रोश पैदा गरेको छ ।

घटना घटेको चार दिनपछि मन्दिरका मूल पुजारी शिव चौधरीले चोरी भएका गहनाहरूको आधिकारिक विवरण सार्वजनिक गरेका हुन् ।

मूल पुजारी चौधरीका अनुसार चोरहरूले मन्दिर भित्र प्रवेश गरी मुख्य देवीलाई चढाइएका ४ थान बहुमूल्य गहनाहरू चोरेर लगेका छन् । देवीको शिरमा रहने चाँदीको मुख्य मुकुट (टोप), सुनको जलप लगाइएको चाँदीको ऐतिहासिक हार, देवीको गलामा सजाइएको सुनको परम्परागत तिलहरी र मुख्य पूजाआजामा प्रयोग गरिने सुनको हार चोरी भएको उनले जानकारी दिए ।

मूल पुजारी चौधरीले मन्दिरको सुरक्षा संवेदनशीलतामाथि प्रश्न उठाउँदै घटनाको निष्पक्ष र सूक्ष्म छानबिन गर्न माग गरेका छन् । उनले दोषीको तत्काल पहिचान गरी कडाभन्दा कडा कानुनी कारबाही गर्न र चोरी भएका बहुमूल्य धार्मिक गहनाहरू यथाशक्य चाँडो बरामद गर्न स्थानीय प्रशासन र प्रहरीसँग जोडदार माग गरेका छन ।

घटनाबारे जानकारी पाउनासाथ जिल्ला प्रहरी कार्यालय बारा र मातहतका प्रहरी टोलीहरू अनुसन्धानमा जुटेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एवं प्रहरी उपरीक्षक ( एसपी) नरेन्द्र कुँवरका अनुसार मन्दिर परिसर तथा आसपासका क्षेत्रमा जडान गरिएका सिसिटिभी (ऋऋत्व) क्यामराहरूको फुटेज संकलन गरी सूक्ष्म विश्लेषण भइरहेको छ ।

एसपी कुँवरले भने, 'हामीले सिसिटिभी क्यामराको फुटेजलाई मुख्य आधार बनाएर अनुसन्धान अगाडि बढाएका छौं । शंकास्पद व्यक्ति माथि निगरानी बढाइएको छ ।'

यद्यपि, घटनामा संलग्न वास्तविक अपराधीहरूको पहिचान भने अझै खुल्न सकेको छैन । प्रहरीले दोषीको खोजी कार्य तथा प्रमाण संकलनको कामलाई अत्यन्त तीव्र गतिमा अघि बढाइएको र चाँडै नै अपराधीहरू कानुनी दायरामा आउने दाबी गरेको छ ।

नेपाल र भारत मात्र नभई विश्वभरका हिन्दू धर्मावलम्बीहरूको महान् आस्थाको केन्द्रका रूपमा रहेको गढीमाई मन्दिरमा भएको यो घटनाले आम जनमानसमा चिन्ता उत्पन्न गराएको छ ।

हरेक पाँच वर्षमा लाग्ने विश्वकै ठूलो बलिमेलाका रूपमा परिचित यस मन्दिरको सुरक्षा व्यवस्थामा भएको यस्तो गम्भीर कमजोरीप्रति स्थानीय सरोकारवालाहरूले असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूले घटनाको सत्यतथ्य तत्काल सार्वजनिक गर्न र मन्दिरको सुरक्षालाई दीर्घकालीन रूपमा भरपर्दो बनाउन माग गरेका छन् ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिबास | ५५०००६ |
| खानेपानी बर्दिबास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# देवानगञ्ज घटनाको सत्यतथ्य सार्वजनिक गर्न हिन्दू सम्राटको आग्रह

**खबर दर्पण समाचारदाता**
**साउन १३ गते, जनकपुरधाम**

सुनसरीको देवानगञ्ज गाउँपालिकामा भएको घटनालाई लिएर हिन्दू सम्राट नेपालले सरकारसमक्ष १४ बुँदे मागपत्र पेश गर्दै केन्द्र सरकार सँग पीडित पक्ष, स्थानीयवासी तथा हिन्दू संघसंगठनका प्रतिनिधिहरूको प्रत्यक्ष बैठकको व्यवस्था गर्न आग्रह गरेको छ ।

संगठनले सार्वजनिक गरेको मागपत्रमा देवानगञ्ज घटनामा संलग्न सबै दोषी तथा योजनाकारलाई तत्काल पक्राउ गरी कडा कानुनी कारबाही गर्न, घटनाको निष्पक्ष उच्चस्तरीय छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न तथा गोली चलाउने व्यक्ति र घटनाको पृष्ठभूमिबारे जानकारी सार्वजनिक गर्न माग गरिएको छ ।

यस्तै, मृतकका परिवारलाई उचित क्षतिपूर्ति, घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न तथा घटनामा प्रशासनिक कमजोरी देखिएको भन्दै जिम्मेवार अधिकारीहरूमाथि पनि कारबाही गर्न संगठनले सरकारसँग माग गरेको छ ।

मागपत्रमा सीमा सुरक्षालाई थप कडा बनाउन, अवैध विदेशी घुसपैठ रोक्न, मस्जिद तथा मदरसाको अनुगमन र छानबिन गर्न, मुस्लिम आयोग खारेज गर्न, मदरसा प्रतिबन्ध गर्न तथा मस्जिदबाट लाउडस्पीकर हटाउनुपर्ने लगायतका मागहरू पनि समावेश छन् ।

त्यसैगरी, संगठनले नेपाललाई पुनः सनातन वैदिक हिन्दू राष्ट्र घोषणा गर्न, मुस्लिम समुदायको नागरिकता तथा विभिन्न धार्मिक संस्थाको गतिविधिमाथि छानबिन गर्न, विदेशी तथा स्वदेशी नेटवर्कमार्फत सञ्चालन हुने कथित आतंकवादी गतिविधिको अनुसन्धान गरी कानुनबमोजिम कारवाही गर्न तथा प्रधानमन्त्रीका सल्लाहकार मो. आसिम शाहलाई पदबाट हटाउन पनि सरकारसँग माग गरेको छ ।

हिन्दू सम्राट नेपालले आफ्ना सबै मागहरू केन्द्र सरकारको अधिकार क्षेत्रभित्र पर्ने भएकाले सरकार, पीडित पक्ष र हिन्दू संघसंगठनबीच प्रत्यक्ष संवादको वातावरण बनाउन आग्रह गरेको जनाएको छ ।

# यस्ता छन् मन्त्रिपरिषद् बैठकका निर्णयहरू



**खबर दर्पण समाचारदाता**
**साउन १३ गते, बर्दिवास**

मन्त्रिपरिषद् बैठकले विभिन्न क्षेत्रसँग सम्बन्धित नौ वटा विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिएको छ ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले संवैधानिक निकायका पदाधिकारीको सेवा-सुविधादेखि र ाहदानी, खानी तथा खनिज, मानव बेचबिखन नियन्त्रण, बालश्रम र आन्तरिक वायुसेवासम्बन्धी कानुन संशोधन तथा नयाँ व्यवस्था गर्ने विधेयक अघि बढाउने निर्णय गरेको हो ।

बैठकले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको अधिकृतलाई विदेशी विनिमयसम्बन्धी कसुरको अनुसन्धान अधिकारी तोक्ने निर्णय पनि गरेको छ ।

मुख्य निर्णयहरू

१. विभिन्न विधेयकहरू संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने

(क) संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक

(ख) खानी तथा खनिज पदार्थसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

(ग) सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(घ) राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

(ङ) मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक

(च) बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी विधयेक

(छ) आन्तरिक वायुसेवाको दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(ज) मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक

(झ) कर्मचारी संचयकोष ऐन, २०१९ लाई संसोधन गर्न बनेको विधेयक

२. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको अधिकृतलाई विदेशी विनिमयसम्बन्धी कसुरको अनुसन्धान अधिकारी तोक्ने ।

३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

४. समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सदस्य पदमा खेटराज दाहाल, सिन्धुलीलाई मनोनयन गर्ने।

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

# तीनमहिने सिलाइ-कटाइ तालिम पूरा गरेका महिलालाई सिलाइ मेसिन वितरण

**धवेन्द्रकुमार यादव**
**साउन १३ गते, महोत्तरी**



औरही नगरपालिकाले महिलालाई आत्मनिर्भर र स्वरोजगार बनाउन सञ्चालन गरेको तीनमहिने सिलाइ-कटाइ तालिम सफलतापूर्वक पूरा गरेका २० जना महिलालाई सिलाइ मेसिन र प्रमाणपत्र वितरण गरेको छ।

नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरि
क शाखाले वडा नं. ७ मा सञ्चालन गरेको उक्त तालिमको समापनपछि आयोजित कार्यक्रममा सहभागी महिलालाई एक-एक थान सिलाइ मेसिन तथा प्रमाणपत्र प्रदान गरिएको हो।

कार्यक्रममा नगर प्रमुख प्रदीपकुमार खड्काले महिलाको आर्थिक सशक्तीकरणलाई प्राथमिकतामा राख्दै नगर पालिकाले विभिन्न सीपमूलक तालिम सञ्चालन गरिरहेको बताउनुभयो। उहाँले महिलाले घरमै बसेर आयआर्जन गर्न सकून् भन्ने उद्देश्यले तालिम सञ्चालन गरिएको उल्लेख गर्दै तालिमबाट प्राप्त सीपलाई व्यावसायिक रूपमा प्रयोग गर्न आग्रह गर्नुभयो।

नगर प्रमुख खड्काले तालिममा सहभागी सबै महिला आधार
भूत सिलाइ-कटाइ सीपमा दक्ष बनेको बताउँदै अब उनीहरूले आफ्नै व्यवसाय सञ्चालन गरी आम्दानी गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो। आगामी दिनमा पनि महिलाको आर्थिक सशक्तीकरणका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने उहाँको भनाइ थियो।

वडा नं. ७ का वडा अध्यक्ष जितेन्द्र यादवले तालिम सञ्चालन गरेर मात्र उद्देश्य पूरा नहुने भएकाले सहभागीलाई तत्काल व्यवसाय सुरु गर्न सहज होस् भन्ने उद्देश्यले सिलाइ मेसिनसमेत उपलब्ध गराइएको बताउनुभयो। सीपसँगै आवश्यक सामग्री उपलब्ध गराउँदा महिलाले आफ्नै घरबाट व्यवसाय सञ्चालन गर्न सक्ने वातावरण बन्ने र त्यसले परिवारको आर्थिक अवस्थामा सकारात्मक प्रभाव पार्ने उहाँले उल्लेख गर्नुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका तत्कालीन प्रमुख तथा तालिमका प्राविधिक मनीषकुमार यादवले तीन महिनासम्म सहभागीलाई व्यावहारिक तथा प्राविधिक रूपमा सिलाइ-कटाइसम्बन्धी प्रशिक्षण प्रदान गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार नगरपालिकाका अन्य वडामा सञ्चालन गरिएका यस्तै तालिम पनि सम्पन्न भइसकेका छन् र त्यहाँका सहभागीलाई पनि केही दिनभित्र सिलाइ मेसिन वितरण गरिनेछ।

तालिममा सहभागी औरही नगर पालिका-७ की पुनिता कुमारी मण्डलले तालिमले आफूलाई आत्मनिर्भर बन्ने आधार प्रदान गरेको बताउनुभयो। नगर पालिकाले सिलाइ मेसिन उपलब्ध गराएकाले अब आफ्नै घरबाट सिलाइ व्यवसाय सुरु गर्ने योजना रहेको उहाँले सुनाउनुभयो। यस्ता सीपमूलक तालिमलाई निरन्तरता दिइए थप महिलाले पनि स्वरोजगार बन्ने अवसर पाउने उहाँको विश्वास छ।

कार्यक्रममा वडा सदस्य, वडा सचिव, जनप्रतिनिधि, स्थानीयवासी तथा तालिममा सहभागी महिलाको उपस्थिति रहेको थियो। नगरपालिकाले अन्य वडामा तालिम पूरा गरेका सहभागीलाई समेत आगामी केही दिनभित्र सिलाइ मेसिन वितरण गर्ने जनाएको छ।



# बर्दिवास कालापानी वनकाण्ड : मुद्दा फिर्ता लिन ३ दिने अल्टिमेटम

**खबर दर्पण समाचारदाता**
**साउन १३ गते, बर्दिवास**



कालापानी वन प्रकरणमा झुठा मुद्दा लगाइएको भन्दै उक्त मुद्दा फिर्ता लिन प्रशासनलाई तीनदिनको अल्टिमेटम दिइएको छ ।

बुधबार कालापानीमा बसेको सर्वदलीय बैठकले आरोपीहरु निर्दोष रहेकोले तीनदिन भित्र मुद्दा फिर्ताका लागि पहलकदमी गर्न बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्रीलाई जिम्मेवारी दिने निर्णय गरेको हो ।

जेठ ११ गते साँझ कालापानीस्थित वन क्षेत्रमा रहेको बस्ती खाली गराउन सूचना जारी गर्न वन कर्मचारीहरू आएको भन्दै स्थानीयले उनीहरूलाई राति १२ बजेसम्म नियन्त्रणमा राखेका थिए। सो क्रममा बर्दिबास नगर पालिका-३, कालापानीमा डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडीमा आगजनी गरिएको थियो ।

उक्त घटनामा वन कार्यालयले माफी माग्दै थप कारबाही प्रक्रियाबाट पछि हटेको थियो । त्यसबेला घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने, घटनामा घाइते भएकाहरूको उपचार राज्यले गर्ने र घटनामा कसैविरुद्ध मुद्दा चलाएर धरपकड नगर्ने विषयमा प्रमुख जिल्ला अधिकारीसँग सहमति भएको आन्दोलनका अगुवा गणेश बस्नेत बताउँछन् ।

तर, उक्त घटनामा बर्दिबास नगरपालिका वडा नं ३ का वडाध्यक्ष विराट विष्ट, संजिव भण्डारी, टिकाबहादुर बस्नेत(गणेश), रोशन कार्की लगायतमाथि प्रहरीले अपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गरेको खबर बाहिरिएपछि स्थानीय स्तरमा आक्रोश बढेको छ। आरोपी भनिएकाहरु निर्दोष रहेको र उनीहरुमाथि कुनै कारबाही नगर्न मेयर क्षेत्रीमार्फत सहजीकरण गर्ने निर्णय भएको सर्वदलीय बैठकमा सहभागी नेकपा एमालेका युवा नेता शंकर महतोले जानकारी दिए ।

उनका अनुसार बैठकबाट राज्यतर्फबाट दमन र बल प्रयोग गरे विपि राजमार्ग अनिश्चितकालिन बन्द लगायतका संघर्ष कार्यक्रम तय गर्न संघर्ष समिति समेत गठन गरिएको छ। कृष्णबहादुर श्रेष्ठ(गोपी) को संयोजकत्वमा गठित संघर्ष समितिको सदस्यहरुमा मेघेन्द्र श्रेष्ठ, प्रेम भुजेल, सोनाम सिंह गोले छन्। त्यसमा दलका प्रतिनिधिहरुतर्फ नेपाली कांग्रेसका पोषण थापा, नेकपा एमालेका शंकर महतो, नेकपाका नरबहादुर खनाल रहेको बताइएको छ ।

## यस्तो छ घटना

देशमा प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार गठन भएपछि सार्वजनिक, ऐलानी, पर्ती तथा वन अतिक्रमित जग्गा खाली गराउने विषयमा गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरेको थियो। त्यसपछि डिभिजन वन कार्यालयले वन अतिक्रमित क्षेत्र खाली गराउन कारबाही अघि बढाएको थियो ।

जेठ ११ गते साँझ कालापानीस्थित वन क्षेत्रमा रहेको बस्ती खाली गराउन सूचना जारी गर्न वन कर्मचारीहरू आएको भन्दै स्थानीयले उनीहरूलाई राति १२ बजेसम्म नियन्त्रणमा राखेका थिए। सो क्रममा बर्दिबास नगर पालिका-३, कालापानीमा डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडीमा आगजनी गरिएको थियो ।

कालापानीलगायतका बस्तीका स्थानीयले पुस्तौंदेखि आफूहरू बसोबास गर्दै आएको जग्गाको लालपूर्जा पाउनुपर्ने माग गर्दै आएका छन्। तर, नयाँ सरकार गठन भएपछि लालपूर्जा दिने प्रक्रिया अघि बढाउनुको सट्टा बस्ती खाली गराउने सूचना जारी गर्न निर्देशन दिइएको भन्दै स्थानीय आक्रोशित बनेका थिए । वन कर्मचारीहरूलाई स्थानीयले बाटो अवरुद्ध गरी नियन्त्रणमा लिएपछि जेठ ११ गते राति बाटो खुलाउने क्रममा प्रहरीले लाठीचार्ज गरेको थियो । त्यसपछि आक्रोशित भीडले वन कार्यालयको सरकारी गाडीमा आगजनी गरेको थियो ।

राजाबास, कालापानी, बरडाँडालगायत महोत्तरीका विभिन्न क्षेत्रमा करिब १ हजार १ सय हेक्टर वन क्षेत्र अतिक्रमण गरी घर, टहरा तथा खेतीपाती गरिएको भन्दै वन क्षेत्र खाली गराउने अभियान अघि बढाइएको थियो । कालापानी घटनापछि वन कार्यालयले माफी माग्दै कार बाहीबाट पछि हटेको थियो । आन्दोलनको नेतृत्व गरेका स्थानीय गणेश बस्नेतका अनुसार घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने, घटनामा घाइते भएकाहरूको उपचार राज्यले गर्ने र घटनामा कसैविरुद्ध मुद्दा चलाएर धरपकड नगर्ने विषयमा प्रमुख जिल्ला अधिकारीसँग सहमति भएको थियो ।

तर, प्रहरीले अहिले घटनामा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएपछि स्थानीय पुनः आक्रोशित बनेका छन् ।

# बालिका अपहरण आरोपमा व्यवसायी जानी खान पक्राउ

**खबर दर्पण समाचारदाता**
**साउन १३ गते, जनकपुरधाम**



जनकपुरधामका व्यवसायी जानी खानलाई दुई वर्षीया बालिका अपहरण गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

घटनाबारे अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार एक व्यक्तिको दुई वर्षीया छोरीलाई अपहरण गरेको आरोप लागेपछि खानलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय धनुषामा राखेर अनुसन्धान सुरु गरिएको हो । अपहरणमा परेकी बालिकालाई भने सकुशल उद्धार गरी अभिभावकको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी मधुसुदन न्यौपानेले बालिका अपहरण प्रकरणमा जानी खान पक्राउ परेको पुष्टि गर्दै घटनाको थप अनुसन्धान भइरहेको जानकारी दिए ।

पक्राउ परेका जानी खान जनकपुरधामको शिवचोकमा जुत्ता चप्पल व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायी हुन् । उनी नेकपा एमाले निकट कार्यकर्ताका रूपमा पनि परिचित रहेका छन् ।

प्रहरीले घटनाको कारण, अपहरणको उद्देश्य तथा यससँग सम्बन्धित अन्य पक्षबारे विस्तृत अनुसन्धान जारी रहेको जनाएको छ ।


अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,